सायल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दुदिलेगडा, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

# सिलवन्दी दरभाउपत्र पेश गर्ने सम्वन्धी सूचना

सूचना नं. ०१/२०७६-०७७
(प्रथम पटक प्रकाशित मिति : २०७६।०४।२७)

सायल गाउँपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (तेस्रो चरण), डोटी अन्तरगत संचालन हुने जिविकोर्पाजन कार्यक्रमका लागि यस कार्यालयबाट उपलब्ध हुने दरभाउपत्र फाराम बमोजिमका विउविजन, कृषी औजार, विषादी, मल तथा अन्य आवश्यक सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक एग्रोभेट वा आपुर्तिकर्ताबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१. विभिन्न आवश्यक कृषि तथा विउविजन सामग्री खरिद सम्बन्धी दरभाउपत्र प्रति फाराम रु. १०००।०० (अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने गरी) सायल गाउँकार्यपालिकाको कार्यालयको नाममा नबिल बैंक सायल शाखामा रहेको सञ्चित कोष खाता नं. ७८०१०१७५०००३४ मा जम्मा गरी लिखित निवेदनको साथमा आवश्यक कागजातहरु (एग्रोभेट दर्ताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता तथा कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, उद्योग वाणिज्य संघमा दर्ताको प्रमाण पत्रको प्रतिलिपी, विसादी खुद्रा विक्रेता दर्ता प्रमाण पत्रको प्रतिलिपी, प्राइभेट फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी) संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात २०७६/०५/९ गते कार्यालय समयभित्र सायल गाउँपालिकाको कार्यालय वा ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना, प्राविधिक सहयोग इकाई, सिलगढी डोटी बाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ औं (सोह्रौं) दिन अर्थात २०७६/०५/१० गते दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालय वा सायल गाउँपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउपत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी खामको बाहिर आपुर्तिकर्ताको नाम, ठेगाना र सम्पर्क नं. उल्लेख भएको हुनुपर्नेछ ।

३. सिलवन्दी दरभाउपत्र पेश गर्दा आपुर्तिकर्ताको आधिकारिक प्रतिनिधि उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२.०० वजेभित्र यस कार्यालयमा प्राप्त भईसक्नु पर्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र उक्त समयभित्र दर्ता हुन नसकेमा कार्यालय जवाफदेही हुनेछैन ।

४. दरभाउपत्रदाताले सायल गाउँकार्यपालिकाको कार्यालयको नाममा नबिल बैंक सायल शाखामा रहेको धरौटी खाता नं. ७८०१०१७५०००३७ मा धरौटी वापत रु. ५००००।०० (पचास हजार) जम्मा गर्नुपर्ने वा क वर्गको वाणिज्य बैंकबाट जारी बैंक जमानत पेश गर्नुपर्नेछ । आपुर्ति हुने सामाग्रीहरु आपुर्तिकर्ताको गोदामबाट चेकजाँच भई खरिद आदेशको आधारमा मात्र खरिद भएपछि भुक्तानी गरिनेछ ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०७६।५।१० गते दिउसो २:०० बजे सायल गाउँपालिकाको कार्यालयमा कार्यालयका प्रतिनिधिहरु र आपुर्तिकर्ता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । आपुर्तिकर्ताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समयमा गरिनेछ ।

७. दरभाउपत्र फाराममा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनुपर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार सायल गाउँपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र फारामसाथ संलग्न गरिएको छ ।

११. यो सूचनामा केहि संशोधन गर्नुपरेमा सो सम्बन्धी सूचना सायल गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. अन्य थप जानकारी चाहिएमा सायल गाउपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, गाउपालिका सहयोग इकाई कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत